एडीबी समाचार

नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

वेबसाइटः http://www.adb.org/NRM

इमेलः adbnrm@adb.org

माघ, २०६३

## दक्षिण एसिया विभागका अधिकारीहरू नेपाल भ्रमणमा

नेपालको विकास, चलिरहेका विकास कार्यहरूको प्रभाव र नेपालमा एडीबीका कार्यक्रमबारे बरिष्ठ अधिकारीहरूसँग छलफल गर्न एडीबीको दक्षिण एसिया विभाग (सार्ड) का महानिर्देशक कुनियो सेङ्गाले यही कात्तिक १५ देखि १७ गतेसम्म नेपाल भ्रमण गर्नुभयो । उहाँले अर्थमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू, मुख्य सचिव र अन्य बरिष्ठ सरकारी अधिकारीहरूलाई भेट्नुभएको थियो ।

सेङ्गाले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का महासचिव ल्योन्पो छेन्क्याब दोर्जी तथा अन्य विकास साझेदारका प्रतिनिधिहरूसँग भेटेर गरिबी निवारणमा एडीबीको सहायतालगायत विकास निर्माणका विभिन्न विषयमा छलफल गर्नुभएको थियो ।




पर्यटन प्रवर्द्धन एडीबी दक्षिण एसिया विभागका महानिर्देशक कुनियो सेङ्गा (बायाँबाट दोस्रो) साताैं पर्यटन कार्य समूह बैठकमा भाग लिँदै ।

यसैगरी, सन् २००६ को अन्तिम त्रैमासिकमा दक्षिण एसिया विभागका उप-महानिर्देशक सुल्तान हफिज रहमानले दुईचोटि नेपाल भ्रमण गर्नुभयो । कात्तिक २३ देखि २७ सम्मको पहिलो भ्रमणमा उहाँले बरिष्ठ सरकारी अधिकारी, अन्य विकास नियोगका प्रतिनिधि तथा नागरिक समाजसँग भेटेर मुलुकको अवस्था, विकासमा पर्ने प्रभाव र विकास कार्यक्रम जारी राख्न सरकारको प्रस्तावमाथि छलफल गर्नुभयो ।

दोस्रोपटक मंसिर ८ देखि १३ गतेसम्म नेपाल भ्रमणमा आउँदा रहमानले सरकार तथा अन्य विकास नियोगहरूसँग पुनर्स्थापन र पुनर्संरचनाबारे छलफल गर्नुभएको थियो । उहाँले शान्ति सम्झौताका लागि सरकारलाई बधाईसमेत दिनुभयो । ■

# गरिबी निवारणका लागि अनुदान



**सबैका लागि शिक्षा** शिक्षा क्षेत्रमा एडीबीको सहायताले सबै बालबालिकाका लागि शिक्षाको पहुँचमा सुधार ल्याउनेछ ।

नेपालले एसियाली विकास बैंक (एडीबी) बाट सन् २००६ मा प्राप्त गरेको सहायतामध्ये अनुदानको हिस्सा झन्डै आधा छ । लगानी आयोजनामा एडीबीले नेपाललाई अनुदान सहायता प्रदान गरेको पहिलोपटक हो । चारवटा लगानी आयोजनाका लागि १७ करोड अमेरिकी डलर (१२ अर्ब २४ करोड रुपैयाृ) स्वीकृत गरिएकोमा अनुदान ८ करोड ४० लाख डलर (६ अर्ब ४ करोड रुपैयाँ) थियो । अनुदान रकम एडीबीको सहुलियतपूर्ण एसियाली विकास कोष (एडीएफ) बाट प्रदान गरिएको हो ।

स्वीकृत चार आयोजनाहरू निम्न छन् : १) साउन २५ गते स्वीकृत सडक सम्पर्क क्षेत्र (प्रथम) आयोजना (५ करोड ५० लाख डलर); २) भदौ १० गते स्वीकृत ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम (प्रथम); ३) कात्तिक ३० गते स्वीकृत व्यावसायिक कृषि विकास (१ करोड ८० लाख डलर); र (४) मंसिर १५ गते स्वीकृत शिक्षा क्षेत्र कार्यक्रम (सहायक कार्यक्रम १-३ करोड डलर ऋण र २० लाख डलर अनुदान) ।

### सडक सम्पर्क

सडक सम्पर्क क्षेत्र (प्रथम) अनुदान आयोजनाले नेपालको ग्रामीण क्षेत्रका बासिन्दालाई बजार, स्वास्थ्य तथा शिक्षा केन्द्रहरूमा पहुँच पुऱ्याउन ग्रामीण

*क्रमशः दोस्रो पेजमा*

## यस अंकमा...


- एडीबीमा नयाँ प्रबन्ध महानिर्देशक नियुक्त २
- नियोगका कर्मचारीको समाचार २
- पूर्वी नेपालका एडीबी सहायताप्राप्त आयोजनामा पत्रकारहरूको भ्रमण ३
- राम्रो शासन व्यवस्था, नियमावली र पुर्वाधारले एसियाको नयाँ शक्ति जन्माउनसक्छ- एडीबी प्रतिवेदन ३
- एडीबी प्रभावकारी छ, तर अझै राम्रो हुनसक्छ– सर्वेक्षण ३
- कार्यशाला तथा कार्यक्रमहरूको झलक ४


*यस प्रकाशनमा उल्लेखित डलरले अमेरिकी डलरलाई जनाउँछ ।*

# गरिबी निवारणका लागि अनुदान

*क्रमश: पहिलो पेजबाट*

सडक प्रणालीको विस्तार र पुनर्स्थापनमा सहयोग गर्नेछ। नेपालको कुल लगानी आयोजनालाई एडीबीले अनुदान सहायता प्रदान गरेको यो पहिलो हो।

आयोजनाले कुल ४ सय ९० किलोमिटर लामो झन्डै १० वटा ग्रामीण सडक निर्माण र मर्मतसम्भार गर्नुका साथै सडक नपुगेका तीन जिल्ला सदरमुकामसम्म सडक पुऱ्याउनेछ। यसले देशका ७५ जिल्लामध्ये १७ वटा जिल्लामा रहेका सडकको स्तरोन्नति पनि गर्नेछ।

एडीबीले यो आयोजनासँगै ३ लाख डलरको प्राविधिक सहायता अनुदानसमेत प्रदान गरेको छ। यसले सडक सम्भाव्यता अध्ययन तथा स्थानीय निर्माण कार्य र सडक निर्माण तथा करार व्यवस्थापनमा परामर्श सेवा सञ्चालन गर्न सडक विभागको क्षमता बढाउने उद्देश्य लिएको छ।

## ग्रामीण वित्तको विस्तार

ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रमका लागि ६ करोड ५० लाख डलरको ऋण र अनुदान सहायता प्रदान गरिएको छ। यसले ग्रामीण घरपरिवारलाई वित्तीय सेवा उपलब्ध गराउन वृहत् सुधार कार्यक्रममा सहयोग गर्नेछ।

यसअन्तर्गत दुईवटा सहायक कार्यक्रमहरू छन्। पहिलो कार्यक्रमलाई एसियाली विकास कोष (एडीएफ) बाट ५ करोड ६० लाख डलर ऋण प्रदान गरिएको छ र यसले छरिएर रहेका ग्रामीण वित्त नियमन संरचनालाई एकीकृत गर्ने, ग्रामीण वित्त संस्थाहरूको व्यावसायिकीकरण र ग्रामीण वित्त सेवाप्रदायकहरूको क्षमता सुदृढ तुल्याउने उद्देश्य लिएको छ।

करिब तीन करोड ५० लाख डलर बराबरको दोस्रो सहायक कार्यक्रममा सहयोग गर्ने ऋण सन् २००९ मा तयार पारिनेछ। सन् २००८ मा पहिलो ऋण कार्यक्रम सम्पन्न भएपछि दोस्रो ऋण तयार गरिनेछ। यसले सुधार कार्यक्रमहरूको प्रबर्द्धन, व्यावसायिक ग्रामीण वित्त सेवाको पहुँच विस्तार तथा कृषि विकास बैंकलगायत महत्वपूर्ण ग्रामीण वित्त संस्थाहरूको निजीकरणमा सहयोग गर्नेछ।

एडीएफबाटै प्रदान गरिएको ८७ लाख डलर अनुदानले पनि कृषि विकास बैंक तथा साना किसान विकास बैंकको पुनर्संरचनाका माध्यमबाट सुधार कार्यक्रममा सघाउ पुऱ्याउनेछ। यसले बैंकिङ तथा वित्त क्षेत्रमा तालिम संस्थाहरूको स्थापना र नयाँ उत्पादन तथा प्रक्रियाको निर्माणमा सहयोग गर्नेछ।

यसैगरी, जापान सरकारको जापान विशेष कोषबाट प्राप्त ५ लाख डलर प्राविधिक सहायता अनुदानले कृषि विकास बैंकलाई उत्कृष्ट अन्तर्राष्ट्रिय पद्धतिअनुरुप पुनर्संरचना गर्न विज्ञहरूको सल्लाह र सुझाव सुनिश्चित गर्नेछ।

## कृषिको व्यवसायिकीकरण

एडीएफबाट अनुदानप्राप्त व्यावसायिक कृषि विकास आयोजनाले नेपालको पूर्वाञ्चल विकास क्षेत्रका ग्रामीण गरिबहरूका लागि आर्थिक अवसर विस्तार गर्न कृषिको व्यावसायिकीकरणमा सहयोग पुऱ्याउनेछ।

आयोजनाले तरकारी, फलफूल, चिया, मसलाजस्ता उच्च मूल्यका बालीको उत्पादन, बजार व्यवस्थापन र प्रशोधनमा सुधार ल्याउन प्रमुख साझेदारहरू किसान, व्यापारी र प्रशोधनकर्ताबीचको सहकार्यलाई प्रोत्साहित गर्नेछ। एघार जिल्लामा सञ्चालन गरिने यस आयोजनाले जीविकोपार्जनमा सुधार ल्याउनुका साथै अर्ध-व्यावसायिक कृषकहरूलाई बढी प्रतिफल र व्यावसायिक कृषिसम्बन्धी ज्ञान दिलाउन उच्च मूल्यका बाली लगाउन प्रेरित गर्नेछ। ती जिल्ला धनकुटा, इलाम, पाँचथर, तेह्रथुम, उदयपुर, झापा, मोरङ, सप्तरी, सिराहा, सुनसरी र ताप्लेजुङ हुन्। व्यावसायिक कृषकहरूलाई सामाजिक विषय, लैङ्गिक सरोकार र वातावरणीय जिम्मेवारीसम्बन्धी तालिम दिइनेछ। जमिन नभएकाहरूलाई विभिन्न कृषि कार्यहरूमा रोजगार दिलाउन तालिम प्रदान गरिनेछ।

संकलन केन्द्र, साना बजार, भण्डारण केन्द्र र खेतदेखि बजारसम्मको सडक सुधारजस्ता स्थानीय बजार पूर्वाधारमा लगानी गर्नका लागि समुदायलाई सहुलियत प्रदान गर्न व्यावसायिक कृषि कोष खडा गरिनेछ। कोष व्यवस्थापन गर्न व्यावसायिक कृषि समूह नामक नाफारहित कम्पनी स्थापना गरिएको छ।

## शैक्षिक सुधार

शिक्षा क्षेत्र कार्यक्रम (प्रथम) ले सरकारको मध्यकालिनदेखि दीर्घकालिन शिक्षा क्षेत्र सुधार र कक्षा १ देखि १२ सम्मको एकीकृत विद्यालय शिक्षा प्रणालीमा सहज रुपान्तरणका लागि सहयोग गर्नेछ।

यस ऋण कार्यक्रमले सबैका लागि शिक्षा २००४-२००९ र त्यसअन्तर्गतका निम्न ६ लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउनेछ : १) प्रारम्भिक बाल्यावस्थाको विकासलाई विस्तार गर्ने; २) सबै बालबालिकाका लागि शिक्षाको पहुँचमा वृद्धि; ३) सबै बालबालिकाको शैक्षिक आवश्यकता पूरा गर्ने; ४) प्रौढ साक्षरतामा सुधार; ५) लैङ्गिक तथा सामाजिक असमानताको अन्त्य; र ६) गुणस्तरीय शिक्षाका सबै पक्षहरूको सुधार।

यस ऋण कार्यक्रमले संयुक्त वित्तीय व्यवस्थाद्वारा सबैका लागि शिक्षामा बजेट सहायता प्रदान गर्नेछ। यो कार्यक्रम सन् २००७ जनवरीमा सुरु भई २००९ जुलाइमा अन्त्य हुनेछ।

## प्राविधिक सहायता

सन् २००६ मा ५८ लाख डलर बराबरका १२ वटा प्राविधिक सहायता आयोजनाहरू स्वीकृत भएका छन्। विस्तृत विवरणका लागि http://adb.org/NRM/proj_list.asp हेर्नुहोस्। ■

## एडीबीमा नयाँ प्रबन्ध महानिर्देशक नियुक्त



एडीबीले दक्षिण-पूर्वी एसिया विभागका महानिर्देशक तथा क्षेत्रीय आर्थिक सहयोग मामिलामा ऐक्यबद्धतासम्बन्धी एडीबी अध्यक्षका विशेष परामर्शदाता **रजत एम. नाग**लाई नयाँ प्रबन्ध महानिर्देशकमा नियुक्त गरेको छ।

प्रबन्ध महानिर्देशकका रुपमा नागले अध्यक्षको निर्देशनबमोजिम एडीबीका चार उपाध्यक्षहरूबीच उच्चस्तरीय समन्वय र कार्यगत ऐक्यबद्धता गर्नुहुनेछ। उहाँले २०६३ मंसिर २९ देखि कार्यभार सम्हाल्नुभएको हो। ■

## नियोगका कर्मचारीको समाचार



**श्यामलकृष्ण श्रेष्ठ** मंसिर २५ गते अर्थशास्त्र अधिकृतका रुपमा नेपाल आवासीय नियोगमा आबद्ध हुनुभएको छ। उहाँले आर्थिक, क्षेत्रगत तथा अवधारणागत कार्य र आयोजनाको प्रशासन तथा अनुगमनमा सहयोग गर्नुहुनेछ। नियोगमा आउनुअघि श्रेष्ठ साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्टमा कार्यक्रम अधिकृत हुनुहुन्थ्यो। उहाँले नेदरल्यान्डस्थित इन्स्टिच्युट अफ सोसल स्टडिज्बाट विकास अध्ययनमा र भारतको गोखले इन्स्टिच्युट अफ पोलिटिक्स एन्ड इकोनोमिक्सबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ। ■

# पूर्वी नेपालका एडीबी सहायताप्राप्त आयोजनामा पत्रकारहरूको भ्रमण

विभिन्न सञ्चार माध्यमका १० जना पत्रकारले २०६३ कात्तिक २६ देखि मंसिर १ गतेसम्म पूर्वी नेपालमा सञ्चालित एडीबीको सहायताप्राप्त आयोजनाहरू भ्रमण गरे । नेपाल आवासीय नियोगका कायममुकायम प्रमुख पाउलो स्पान्टिगाती, नियोगका अन्य दुई कर्मचारी र सरकारी अधिकारीहरू त्यसमा सहभागी थिए । भ्रमणमा मोरङ, झापा र इलाम जिल्लामा सञ्चालित सामुदायिक भूमिगत सिंचाइ क्षेत्र आयोजना र साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना देखाइएको थियो ।

नियोगले एडीबीको सहायताप्राप्त विकास कार्यहरूका सम्बन्धमा पत्रकारलाई स्थलगत अनुभव दिलाउन बाह्य सम्पर्क विभागको सहयोगमा उक्त भ्रमण कार्यक्रम आयोजना गरेको थियो । यस क्रममा पत्रकारहरूले सरकारी अधिकारी, स्थानीय लाभान्वित व्यक्ति तथा उपभोक्ता समूहका प्रतिनिधिहरूसृग भेटेर आयोजनासम्बन्धी विभिन्न विषयमा छलफल गरेका थिए ।



**अन्तर्क्रिया** एडीबीको सहायतामा मोरङमा सञ्चालित सामुदायिक पशुपालन विकास आयोजनाका लाभान्वित व्यक्तिहरूसँग अन्तर्वार्ता लिदै सञ्चारकर्मीहरू ।

भ्रमणमा *अन्नपूर्ण पोष्ट, अर्थको अर्थ टेलिभिजन कार्यक्रम, गोरखापत्र, इमेज च्यानल, नेपाल टेलिभिजन, न्यू बिजेनस एज, दि काठमाडौं पोष्ट र समयका* पत्रकारहरू सामेल थिए । ■

# राम्रो शासन व्यवस्था, नियमावली र पुर्वाधारले एसियाको नयाँ शक्ति जन्माउनसक्छ- एडीबी प्रतिवेदन

सुधारिएको शासन, उच्चस्तरीय नियमावली र पूर्वाधारले दक्षिण एसियाली अर्थतन्त्रलाई एसियाकै 'नयाँ शक्ति' का रुपमा विकास गर्नसक्ने कुरा यही कात्तिक २ गते सार्वजनिक एडीबीको दक्षिण एसियाली आर्थिक प्रतिवेदनले औंल्याएको छ ।

दक्षिण एसियाली मुलुकहरूमा बजार उदारीकरण लागू भए पनि नियमन कार्य बढी भइरहेको प्रतिवेदनमा उल्लेख छ । यसले गर्दा यो क्षेत्रले सम्भावित वृद्धिदर हासिल गर्न सकेको छैन । यहाँका कम्पनीहरू प्रशासनिक नियमको भार वहन गर्न बाध्य छन् । उदाहरणका लागि, दक्षिण-पूर्वी एसियाली मुलुकहरूमा सामान निर्यात गर्दा औसत ५ जना र आयात गर्दा ७ जना सरकारी अधिकारीको दस्तखत चाहिन्छ, जबकि दक्षिण एसियामा निर्याततर्फ १२ र आयातका लागि २४ हस्ताक्षर आवश्यक पर्छन् ।

तर, दक्षिण एसियाले भारत र पाकिस्तानको नेतृत्वमा सन् २००५ मा चम्किलो आर्थिक वृद्धि हासिल गरेको र विगत ५ वर्षमा यहाँको वृद्धिदर दक्षिण-पूर्वी एसियाको दाँजोमा उच्च रहेको प्रतिवेदनले औंल्याएको छ । यो उच्च वृद्धिदर २००७ मा पनि जारी रहने अनुमान गरिएको छ ।

दक्षिण एसियाको आर्थिक तथा विकासका सवालमा द्वैमासिक प्रतिवेदन प्रकाशन गर्ने क्रममा यो पहिलो हो । प्रतिवेदन http://www.adb.org/Documents/Reports/South-Asia-Economic-Report/ मा उपलब्ध छ । ■

# एडीबी प्रभावकारी छ, तर अझै राम्रो हुनसक्छ– सर्वेक्षण

एसियाली विकास बैंक (एडीबी) आफ्नो काममा प्रभावकारी र व्यापक सफल भए पनि सुधारको ठाउँ बाँकी रहेको पहिलो स्वतन्त्र एडीबी दृष्टिकोण सर्वेक्षणले देखाएको छ । तीस सदस्य राष्ट्का सात सयभन्दा बढी प्रभावशाली विचार निर्माताहरूमा यो सर्वेक्षण गरिएको थियो ।

यस वर्षको सुरुमा गरिएको सर्वेक्षणले एसिया तथा प्रशान्त क्षेत्रको विकासमा एडीबीको योगदानलाई स्वीकार गरेको छ । अन्तर्वार्ताका क्रममा धेरै विचार निर्माताहरूले एडीबीका कार्यक्रमहरू, खासगरी पूर्वाधार र क्षेत्रीय सहयोग तथा ऐक्यबद्धताको प्रयास उत्कृष्ट भएको बताएका छन् ।

गरिबी निवारणको मूलभूत उद्देश्य हासिल गर्नमा एडीबीले कम्तिमा औसत काम गरेको र धेरैजसो उसको काम राम्रो वा उत्कृष्ट रहेको सर्वेक्षणले देखाएको छ ।

वित्तीय पुँजी र बौद्धिक सेवा एडीबीका दुई प्रमुख शक्ति भएको अन्तर्वार्ता दिनेहरूले औंल्याएका छन् । एडीबीले आफ्नो वित्तीय स्रोत (ऋण, अनुदान तथा अन्य सहायता) का साथै पेशागत ज्ञान र कर्मचारीहरूको विशेषज्ञताका लागि राम्रो अंक प्राप्त गरेको छ ।

तैपनि अन्तर्वार्ता दिनेहरूले एडीबीमा क्षमतामा कमी भएको वा बढी काम भएको बताएका छन् । केही विचार निर्माताहरूले एडीबीका प्रक्रियाहरूलाई कमजोरीका रुपमा औंल्याउँदै यसलाई 'अत्यन्त प्रशासनिक' को संज्ञा दिएका छन् ।

एडीबीले गरिबी निवारणमा आफूले गरेका कामहरूको विश्लेषण तथा एसियाको विकासबारे महत्वपूर्ण व्यक्तिहरूको प्रतिक्रिया लिनका लागि यो सर्वेक्षण गर्न एक व्यावसायिक फर्म चयन गरेको थियो ।

सर्वेक्षणका लागि सरकार, सञ्चार माध्यम, नागरिक समाज, विद्वत वर्ग, निजी क्षेत्र र दातृ मुलुक तथा एडीबीका पाँच कार्यगत क्षेत्रका विकास साझेदारसँग सम्बन्धित विचार निर्माताहरू छनौट गरिएका थिए । एडीबीसम्बन्धी आधारभूत ज्ञानका आधारमा उनीहरू छनौट भएका हुन् । सर्वेक्षणको पूर्ण प्रतिवेदनका लागि हेर्नुहोस् http://www.adb.org/Documents/Reports/ADB-Perceptions-Survey/2006/ ■

# कार्यशाला तथा कार्यक्रमहरूको झलक

**असोज २५-२६, सहश्राब्दी विकास लक्ष्यसम्बन्धी दक्षिण एसियाली क्षेत्रीय मञ्च ।** एडीबी, एसिया तथा प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्र संघीय आर्थिक तथा सामाजिक आयोग (यूएनएस्क्याप) र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी) ले दक्षिण एसियाका विकास समस्याहरूको अन्त्य र राष्ट्र संघीय सहश्राब्दी विकास लक्ष्य हासिल गर्नका लागि संयुक्त रुपमा क्षेत्रीय मञ्च आयोजना गरेका थिए ।



**सहश्राब्दी विकास लक्ष्य** एडीबीको दक्षिण एसिया विभागका उप-महानिर्देशक सुल्तान हफिज रहमान सहश्राब्दी विकास लक्ष्यसम्बन्धी बैठकलाई सम्बोधन गर्दै ।

बैठकमा उच्च तहका मन्त्री, नीति-निर्माता, नागरिक समाजका प्रतिनिधि, व्यापारिक क्षेत्रका नेता, बौद्धिक वर्ग र सञ्चारकर्मीहरूले भाग लिएका थिए । मञ्चमा एडीबी दक्षिण एसिया विभागका उप-महानिर्देशक सुल्तान हफिज रहमानले भाग लिएका थिए ।

**असोज २७-३१, आर्थिक नीति सञ्जाल कार्यशाला ।** आर्थिक नीति सञ्जालका लागि एडीबीको प्राविधिक सहायताअन्तर्गत तयार पारिएका तीनवटा नीतिपत्रका प्रमुख विषयहरू आदानप्रदान गर्न नेपालगञ्ज र वीरगञ्जमा दुईवटा परामर्श कार्यशालाहरू आयोजना गरियो र जिल्लास्तरीय साझेदारहरूबाट प्रतिक्रिया लिइयो । कार्यशालाका सहभागीहरूमा जिल्लास्तरीय सरकारी अधिकारी, गैर-सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार र सञ्चारकर्मीहरू रहेका छन् ।

**असोज ३०, तीनवटा मन्त्रालयमा लैङ्गिक सरोकारका विषयलाई मूलप्रवाहमा ल्याउने रणनीतिसम्बन्धी गोष्ठी ।** एडीबीको सहायताप्राप्त शासकीय सुधार कार्यक्रमअन्तर्गत एडीबी र सामान्य प्रशासन मन्त्रालयले संयुक्त रुपमा गोष्ठी आयोजना गर्‍यो । कृषि तथा सहकारी मन्त्रालय, शिक्षा तथा खेलकूद मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयले कार्यक्रममा आफ्ना रणनीतिहरू प्रस्तुत गरेका थिए । विभिन्न क्षेत्रहरूबीच अनुभव आदानप्रदान गरी लैङ्गिक रणनीतिलाई बढी प्रभावकारी तुल्याउनमा उक्त गोष्ठीले योगदान पुर्‍याएको थियो । गोष्ठीमा चारजना सचिव, उच्चस्तरीय सरकारी अधिकारी तथा आरएसजीएसका निर्देशक रोबर्ट डोबियाससहित ४० जना सहभागी थिए ।

**कात्तिक १४, दक्षिण एसियाली गरिबी निवारणको सहयोगमा विकास परिणामहरूको व्यवस्थापन ।** एडीबीका परामर्शदाता लियाम म्याकमिलानले संगठनमा विकास परिणामहरूको व्यवस्थापनसम्बन्धी प्रस्तुतिकरण गर्दै राष्ट्रियस्तरमा विकास परिणामहरूको व्यवस्थापन संगठनात्मक स्तरको भन्दा फरक उद्देश्यले गरिने बताउनुभयो । संगठनको आन्तरिक अवस्थालाई बाह्य वातावरणसँग मिलाउनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो । म्याकमिलानले नेपालमा विकास परिणामहरूको व्यवस्थापन राष्ट्रिय स्तरमा वृहत् रुपले प्रयोग हुने गरेको र क्षेत्रगत तथा योजना स्तरमा पनि यसलाई व्याख्या गर्न उल्लेखनीय प्रयास भएको बताउनुभयो । तर, यी प्रयासहरूलाई तल्लो तह, खासगरी संगठनात्मक स्तरसम्म पुर्‍याउनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।

**कात्तिक १६-१७, दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक) को सातौं पर्यटन कार्य समूहको बैठक ।** दक्षिण एसियाली क्षेत्रको पर्यटन प्रबर्द्धन गर्ने उपायहरूमा छलफल गर्न पर्यटन कार्य समूहको बैठक काठमाडौंमा सम्पन्न भयो । सहभागी उच्चस्तरीय प्रतिनिधिहरूले यस क्षेत्रको पर्यटन विकासका लागि महत्वपूर्ण आयोजना तथा लगानी र पर्यटन तथा विकासको सम्बन्ध विस्तार गर्ने रणनीतिहरूमा छलफल गरेका थिए । एडीबीको आयोजना र नेपाल सरकारको आतिथ्यमा सञ्चालित उक्त बैठकमा एडीबीको दक्षिण एसिया विभागका महानिर्देशक कुनियो सेङ्गाले समेत भाग लिनुभएको थियो ।

**कात्तिक २०-२५, वृहत् मेकङ उपक्षेत्र (जीएमएस) को अध्ययन भ्रमण ।** नेपाल आवासीय नियोगले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सदस्य राष्ट्रका अधिकारीहरूका लागि पूर्व-पश्चिम आर्थिक मार्गसहित वृहत् मेकङ उपक्षेत्रको अध्ययन भ्रमण आयोजना गर्‍यो । चौधजना बरिष्ठ यातायात अधिकारी, सार्क सचिवालयका दुईजना बरिष्ठ अधिकारी तथा एडीबीका दुईजना अधिकारीहरू भ्रमणमा सामेल थिए । भ्रमणका क्रममा मुक्दाहानदेखिको जलमार्ग (फेरी) र सडक मार्गको यात्रा, थाइल्यान्ड-सवन्नाखेत, लाओको सीमादेखि दान्साभान्ह-लाओ बाओ, भियतनामको सीमा र त्यहाँबाट भियतनामको दानाङ शहरसम्मको यात्रा गरिएको थियो । एडीबीको दक्षिण एसियाली क्षेत्रीय सहयोग सहायता समूह तथा दक्षिण-पूर्वी एसियाली क्षेत्रीय सहयोग र राष्ट्रिय समन्वय शाखाले यसमा सहयोग गरेका थिए ।

**मंसिर १८-१९, एडीबी जवाफदेहीता संयन्त्र परामर्श चरणसम्बन्धी अभिमुखी कार्यशाला ।** एडीबीको विशेष आयोजना सहजकर्ताको कार्यालय र नेपाल आवासीय नियोगद्वारा संयुक्त रुपमा आयोजित उक्त कार्यशालाले आयोजना कार्यान्वयन निकाय तथा गैर-सरकारी साझेदारहरूलाई जवाफदेहीता संयन्त्र र उनीहरूको भूमिका, अधिकार तथा जिम्मेवारीबारे बुझाउने उद्देश्य लिएको थियो ।



**जवाफदेहीता** गैससका कर्मचारीलाई एडीबीको जवाफदेहीता संयन्त्र र उनीहरूको अधिकार तथा जिम्मेवारीबारे जानकारी दिँदै करिन ओस्वाल्ड ।

**मंसिर २९, वर्षको अन्तमा गरिने पत्रकार सम्मेलन ।** नेपाल आवासीय नियोगका कायममुकायम प्रमुख पाउलो स्पान्टिगातीले दशक लामो द्वन्द्वको अन्त्य र शान्ति सम्झौता हस्ताक्षरको स्वागत गर्दै वार्षिक सहायता योजनाको पूर्ण कार्यान्वयनप्रति सन्तुष्टि व्यक्त गर्नुभयो । उहाँले सन् २००६ को सहायतामा एडीबीले पहिलोपटक नेपाललाई ५० प्रतिशत अनुदान प्रदान गरेको जानकारी दिनुभयो ।

आगामी कार्यक्रमहरूको पूर्ण सूचीका लागि एडीबी, नेपाल आवासीय नियोगको वेबसाइट हेर्नुहोस्: http://www.adb.org/nrm

**समाचार नेपालबाट**

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिँदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
पोष्ट बक्स ५०१७
काठमाडौं, नेपाल ।
फोन: +९७७ १ ४२२ ७७७९
फ्याक्स: +९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.adb.org/nrm
राष्ट्रिय निर्देशक: सुल्तान हाफिज रहमान